**भुंग्राहरु**

© गान्धि राज भट्टराई

हरेक दुष्कर्म एउटा भुंग्रो हो
कोही भुंग्रामा पर्छन्
कोही भुंग्रा थापी हिंड्छन्
भुंग्राभित्र राप हुन्छ
कसैलाई भुंग्रामा पार्न पाप हुन्छ
तर कसको के लाग्छ
यहां भुंग्रा थाप्नेकै फलिफाप हुन्छ
जसले सत्यतामा विश्वास गर्छ
उसकै सत्यानास हुन्छ ।

--o--

पल्लाघरे च्यान्टेकी छोरी माहिली
जीउडाल हेर्दा रहर लाग्दी थिई
हलक्कै बढेकी
असाध्यै राम्री थिई
जात्रामात्रामा सबैको आंखाको तारा हुन्थी
एकादशी जात्रा बाटै हराइ
एक दिन बित्यो आइन
दुई दिन बित्यो आइन
हेर्दा हेर्दै बर्ष दिन बितेछ
माइती नेपालको चिठी आउंदा पो थाहा भयो
शहरबाट आएको काजीले
फकाइ फुल्याइ गरेछ
काजीको गुलियो बोलीमा फसेर
बम्बइको कोठीमा कहर काट्न पुगिछ
सबैले थाहा पाए काजीले माहिलीलाई के गरेछ
तर काजीलाई कसले के गर्न
बिचरी आफु मात्रै भुंग्रामा परिछ ।

--o--

तल्ला गाउंकी अन्तरे भुजेलकी छोरी तारा
माहिलीकै दौंतरी
तर अलि भिन्न स्वभावकी
सानै देखि हक्की खालकी
थिचोमिचो देख्न नसक्ने
बार्ताको बेला पारेर
गाउंमा आकाश कामरेड आएका थिए

उनैका क्रान्तिकारी भाषण पछि
एसएलसी को मुखैमा हराइ
गाइं गुइं हल्ला त थियो
माओवादीमा लागी रे भन्ने
साता दिन अघि कताबाट फर्केर आइछ
माहिलीको खबर सुनेपछि
आमासंग रुंदै भन्थी रे
हामी दुईको कर्म त एउटै परेछ
माहिलीको त उद्धार भयो - बस्ने घर पाइछ
अनगिन्ती यौन शोषण र अत्याचार को उन्मुक्ति पछि पनि
यता सेनाले दपेट्छ उता माओवादी
गणतन्त्र र समानताको नारा उरालेर
मान्छे मार्दै हिंड्ने
ती आकाश कामरेडहरुलाई कसले के गर्ने
तारा अझ ठुलो भुंग्रोमा परिछ ।

अवर्न विश्वविद्यालय, अलावामा
मे २१, २००२